Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकीप्रदेश, नेपाल.

मिति :२०७८/११/०३

**बेरोजगार ब्यक्तिहरुलाइ न्युनतम रोजगारीमा संलग्न हुन निवेदन दिने जरुरी सूचना**

रोजगारीको हक सम्बन्धि ऐन ,२०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका ,२०७५(पहिलो संसोधन २०७७) को दफा १८ बमोजिम आगामी आ.व २०७९/८० मा न्युनतम रोजगारीमा संलग्न हुन बिपन्न व्यक्ति वा न्यून आय भएका वा स्वरोजगारमा समेत संलग्न नभएका निवेदन दिने अन्तिम मितिसम्म **१८ वर्ष पुरा भइ ५९ वर्ष** उमेर नकाटेका, सम्बन्धित वडामा स्थायी बसोबास गरेका चालु आर्थिक वर्षमा रोजगार कार्यक्रम अन्तर्गत सय दिने रोजगारीमा संलग्न नरहेका व्यक्तिले **२०७८ फागुन मसान्त सम्म** आवश्यक कागजात सहित आफ्नो स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा दर्ता गराउन हुन् यो सुचना प्रकाशित गरिएको छ। बेरोजगार दर्ताको लागि दिने निवेदन प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np वा सम्बन्धित वडाबाट प्राप्त गर्न सकिन्छ ।

पुनश्चः चालु आ.व २०७८/७९ मा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुले समेत आ.व २०७९/८० का लागि सुचिकृत हुन तोकिएका निवेदन फारम भरि नवीकरण गराउनु पर्ने छ। निवेदन दिने व्यक्तिले फारममा उल्लेखित विवरण पूर्ण रुपमा नभरेको वा तोकिएको कागजातहरु पेश नगरेमा उक्त निवेदनहरु स्वतः रद्द हुने समेत यसै सुचना मार्फत जानकारी गरिन्छ।

**निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरुः**

१)निवेदकको नागरिकता प्रमाणपत्र को प्रतिलिपि
२) निवेदकको पासपोर्ट साइजको फोटो
३)निवेदकको एकाघर परिवारका सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
४) निवेदक अन्यत्रबाट बसाई सराई भइ आएको हकमा बसाई सराई प्रमाण पत्रको प्रतिलिपि
५) सिपमुलक तालिम लिएको भए तालिम को प्रमाण पत्रको प्रतिलिपि
६) निवेदक वा परिवारमा अपाङ्गता भएका सदस्य भए अपाङ्गता परिचय पत्रको प्रतिलिपि
७)निवेदक बैदेशिक रोजगारबाट रोजगार गुमाई फर्किएको वा श्रम स्वीकृति लिई रोजगारीमा जान नपाएको भए उक्त व्यहोरा खुल्ने कागजातको प्रतिलिपि।
८) निवेदक महिला भएको र नागरिकतामा स्थायी ठेगाना फरक परेको खण्डमा बिवाह दर्ता प्रमाणपत्र को प्रतिलिपि

७८।११।२

इमनाथ कँडेल
प्रमुख प्रशासकीय अधिकृत

इमनाथ कंडेल
प्रमुख प्रशासकीय अधिकृत